# आपत्कालीन सानो रकम जस्ता विशेष ऋणको ऋण फिर्ता छुट बारे

सरकारले तोकेको सर्तहरूमा पर्ने खण्डमा यो रकम “ऋण फिर्ता छुट (फिर्ता गर्नु नपर्ने)” हुन्छ।
आ.व.2023 सालमा, “तपाईं (ऋण लिएको व्यक्ति)” र “तपाईं (ऋण लिएको व्यक्ति) को घरमूली” दुबैको “निवासी कर प्रति व्यक्ति दर र आय दर दुबै छुट (निवासी कर तिर्न आवश्यक छैन)” दिइयो भने, तपाईंले 2023 सालमा ऋण फिर्ता छुटको लागि आवेदन दिन सक्नुहुन्छ।
आफूलाई “ऋण फिर्ता छुट」 हुन्छ कि हुँदैन र” ऋण फिर्ता छुट」 पाउनका लागि के गर्न आवश्यक छ भनेर व्याख्या गर्नेछु। त्यसैले कृपया यसलाई ध्यानपूर्वक पढ्नुहोस् र आवश्यक प्रक्रियाहरू पालना गर्नुहोस्।

## 1 तपाईंले प्रयोग गर्नुभएको कोष जाँच गर्नुहोस्

| कोषका प्रकारहरू | ऋण लिने अवधि | ऋणको अधिकतम रकम |
|---|---|---|
| आपत्कालीन सानो रकम कोष | | 200,000 येन |
| समग्र सहयोग कोष (प्रारम्भिक ऋण) | पहिलो महिना～तेस्रो महिना | एकल परिवार मासिक 150,000 येन<br>धेरै जनाको परिवार मासिक 200,000 येन |
| समग्र सहयोग कोष (लम्ब्याइएको ऋण)* | चौथो महिना～छैटौं महिना | |

* “लम्ब्याइएको ऋण” भन्नाले प्रारम्भिक ऋणको उधारो अवधि विस्तार गरिएको (निरन्तर प्रयोग) ऋणलाई भनिन्छ । 2020साल जुलाई देखि 2021साल जुन सम्म आवेदन लिइएको थियो।



## 2 ऋण फिर्ता छुट पाउने रकम

**2022साल अप्रिल पछि** आवेदन दिएका, ऋण लिइराखेको आपत्कालीन सानो रकम कोष वा समग्र सहयोग कोष (प्रारम्भिक ऋण)

समग्र सहयोग कोष (**लम्ब्याइएको ऋण**)

→ **बाँकी रहेको सबै रकम**

2023साल जनवरी देखि डिसेम्बर सम्म **ऋण फिर्ता गरीराखेको** आपत्कालीन सानो रकम कोष वा समग्र सहयोग कोष (प्रारम्भिक ऋण)

→ **13 औं महिना पछि फिर्ता गर्ने योजना रहेको रकम**

उदाहरण1) समग्र सहयोग कोष (प्रारम्भिक ऋण) 600,000 येन, 2023साल जनवरी देखि 10 वर्षमा फिर्ता गर्ने योजना रहेको खण्डमा

| 2023 साल जनवरी → 2024 साल जनवरी | 2024 साल जनवरी → 2032 साल डिसेम्बर |
|---|---|
| 5,000 येन×1 वर्ष=60,000 येन | 5,000 येन×9 वर्ष=540,000 येन |
| ऋण फिर्ता गर्न आवश्यक छ | ऋण फिर्ता छुटको लागि योग्य छ |

उदाहरण2) समग्र सहयोग कोष (प्रारम्भिक ऋण) 450,000 येन, 2023साल जुन देखि 5 वर्षमा फिर्ता गर्ने योजना रहेको खण्डमा

| 2023 साल जुन → 2024 साल जुन | 2024 साल जुन → 2028 साल मे |
|---|---|
| 7,500 येन×1 वर्ष=90,000 येन | 7,500 येन×4 वर्ष=360,000 येन |
| ऋण फिर्ता गर्न आवश्यक छ | ऋण फिर्ता छुटको लागि योग्य छ |

## 3 ऋण फिर्ता छुटको लागि योग्य छ कि छैन हेर्नुहोस्




1 ऋण फिर्ता छुट हुँदैन ➔ 6 मा

2 ऋण फिर्ता छुटको आवेदन दिनुहोस् ➔ 4 मा

3 कृपया तपाईंको "2023 सालमा निवासी करमा छुट" छ कि छैन भनी निश्चय गर्नुहोस् ➔ 5 मा

4 कृपया तपाईं र घरमूलीको "2023 सालमा निवासी करमा छुट" छ कि छैन भनी निश्चय गर्नुहोस्
➔ 5 मा

## 4 ऋण फिर्ता छुटको आवेदन दिने तरिका

- **आवेदन अन्तिम मिति** 2023 साल अगस्त 31, (पोष्टमार्क सोही दिनमा मान्य)
- **आवश्यक कागजात** ① निवासी दर्ता (सबै परिवारका सदस्यहरू उल्लेख गरिएको, 3 महिना भित्र जारी गरिएको)
  ② आ.व.2023सालको कर छुट प्रमाणपत्र
  ③ ऋण फिर्ता छुट आवेदन पत्र (यसै खाममा भएको कागजात 2)
  * ③ मा लेख्ने तरिका थाहा नभएमा विशेष ऋण कार्यालय वा तपाईं बसोबास गर्ने सहर, नगरपालिका वा गाउँपालिकाको समाज कल्याण परिषद्सँग परामर्श लिनुहोस्।
- **आवेदन दिने ठाउँ** टोक्यो महानगरपालिका समाज कल्याण परिषद् विशेष ऋण कार्यालय
  * यो पत्रसँगै पठाइएको खाममा हालेर हुलाक मार्फत पठाउनुहोस्।

## 5 निवासी करबारे निश्चय गर्ने तरिका




- **आ.व.2023सालमा कर छुट थियो ➔ 4** मा
- **आ.व.2023सालमा कर भुक्तानी गर्नुपर्ने थियो ➔ 6** मा

## 6 ऋण फिर्ता छुट नहुने खण्डमा

ऋण फिर्ता गर्ने समय सुरु हुनु अघि हामी तपाईंलाई सूचना पठाउनेछौं। तपाईंको ठेगाना परिवर्तन भएमा कृपया हामीलाई सूचित गर्नुहोस्।.

## 7 ऋण फिर्ता छुट आवेदन प्रक्रिया पूरा भएपछि

2023साल सेप्टेम्बर पछि, तपाईंले ऋण फिर्ता छुट पाउनुहुन्छ की पाउनुहुन्न भन्ने बारे हामी तपाईंलाई पत्रद्वारा सूचित गर्नेछौं।
समग्र सहयोग कोष (पुनः ऋण ) ऋण लिएको व्यक्तिलाई, अर्को वर्ष, हामी तपाईंलाई ऋण फिर्ता छुटको बारेमा जानकारी दिनेछौं। तसर्थ, तपाईंको ठेगाना परिवर्तन भएमा कृपया हामीलाई सूचित गर्नुहोस्।

### सम्पर्क स्थान

〒119-0213 टोक्यो महानगरपालिका समाज कल्याण परिषद् विशेष ऋण कार्यालय
☎050-3668-5012 (सम्पर्क समय: सोमबार देखि शुक्रबार 9:30～17:30)
https://www.tcsw.tvac.or.jp/activity/coronatokurei.html